# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

(१)

प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ६१६

मिति २०८०।०९।०१

**विषयः नगर कार्यपालिकाको ४० औं (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको) बैठक सम्बन्धमा।**

**श्रीमान् नगर उप-प्रमुख ज्यू,**
**श्रीमान् वडा अध्यक्षज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना )**
**श्रीमान नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै (८ जना )**
**राइनास नगरपालिकाका, तीनपिप्ले, लमजुङ ।**

उपर्युक्त सम्बन्धमा , स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४) खण्ड (क)(१) बमोजिम यस राइनास नगरपालिकाका नगर प्रमुखज्यूको निर्देशन अनुसार तपशिलका प्रस्तावित छलफलका विषयसूची (Agenda) अनुसारका छलफलका विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि सोही ऐनको दफा १७ बमोजिम निम्न मिति, समय र स्थानमा यस राइनास नगर कार्यपालिकाको ४० औं (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको) नियमित बैठकमा उपस्थिति एवम् सहभागिताका लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

तपशिल :
मिति : २०८०।०९ ।०४ (गते ५) बुधबार
समय : विहान ठिक ११:०० बजे
स्थान : राइनास नगरपालिकाको बैठक कक्ष

२०८० | ९|१
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावित छलफलका विषयसूचिहरु (Agendas) :**

१. मिति २०८०।०८।१० गतेको ३९ औं नगर कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समीक्षा पुनरावलोकन (Review) सम्बन्धमा ।
२. राइनास नगरपालिकाको आ.व. ०८०/८१ को नगरसभाको १२ औं अधिवेशन वैठकबाट स्वीकृत, वार्षिक बजेट तथा कार्यक्रम अनुसार आ.व. ०८०/८१ मा नै सन्चालन/कार्यान्वयन गर्नुपर्ने अनिवार्य दायित्वका सालवसाली तपसिल अनुसारका आयोजना तथा कार्यक्रमहरुको तपसिल अनुसार आ.व. ०८०/८१ मा बजेटको स्रोत रु. ४,१०,३९,३१२/- नभएकोले नपुग बजेट श्रोत रु. ४,१०,३९,३१२/- व्यवस्थापन गरी तपसिल बमोजिमका कार्यक्रम तथा आयोजना सन्चालन/ कार्यान्वयन गर्ने सम्बन्धमा।

तपसिलः

राइनास नगरपालिकाको आ.व. २०८०/८१ को नगरसभाको १२ औं अधिवेशन वैठकबाट स्वीकृत प्रस्तावित अनुमानित बजेट र आ.व. ०७९/८० मा खर्च नभइ स्थानीय सन्चित कोषमा

(क्रमशः २ पेजमा)

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।


प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ९१६ (२) ५

(२)

बाँकी रहेको आ. व. ०८०/८१ मा अ. ल्या. बचत बजेट आ.व. ०८०/८१ को आय बजेट समेत रु. जम्मा ५७,८०,००,०००/-

क. १२ औं नगर सभाबाट स्वीकृत आ.व. ०८०/८१ को जम्मा आय बजेट रु. ५६,४६,४४,०००/-

ख. आ.व. ०८०/८१ मा बचत भइ आ.व. ०८०/८१ मा अ. ल्या. बचत बजेट रु. १,३४,००,०००/-

ग. आ. व. ०८०/८१ को कुल जम्मा प्रस्तावित अनुमानित आय बजेट रु. ५७,८०,००,०००/- राइनास नगरपालिकाको आ. व. ०८०/८१ को नगर सभाको १२ औं अधिवेशन वैठकबाट स्वीकृत आ. व. ०८०/८१ को प्रस्तावित अनुमानित व्यय (खर्च) र आ. व. ०८०/८१ मा नगर कार्यपालिकाको विभिन्न मितिको वैठकबाट निर्णय गरी स्वीकृत गरिएको अनिवार्य दायित्व सालवसाली आ. व. ०८०/८१ मा नै सन्चालन/कार्यान्वयन गर्नु पर्ने आयोजनाहरु/ कार्यक्रम र नपुग बजेट समेतको विवरणः

| क्र.सं. | आ. व. ०८०/८१ मा कार्यक्रम भएका अनिवार्य दायित्वका आयोजना तथा कार्यक्रमहरु | आ. व. ०८०/८१ मा विनियोजन भएको बजेट | आ.व. ०८०/८१ मा नै अनिवार्य भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वका आयोजनाहरुको आ.व. ०८०/८१ मा नै भुक्तानी गर्नुपर्ने पुष्ट्याइ विवरण |
|---|---|---|---|
| १ | वडा नं. १ वडा कार्यालय भवन निर्माण आयोजना | ७२,००,०००/- | मिति २०८०/०७/१३ को नगरपालिकाको ३७ औं वोर्ड वैठकको निर्णयानुसार (निर्णय नं. ३) स्वीकृत गरी बजेट विनियोजन गरिएको अनिवार्य दायित्वको बहुवर्षिय क्रमागत आयोजनाको रु. ७२०००००/- आ.व. ०८०/८१ मा नै भुक्तानी दिनुपर्ने अनिवार्य दायित्व |
| २. | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण आयोजना | ३५,००,०००/- | मिति २०८०/०७/१३ को नगरपालिकाको ३७ औं वोर्ड वैठकको निर्णयानुसार (निर्णय नं. ३) स्वीकृत गरी बजेट विनियोजन गरिएको अनिवार्य दायित्वको बहुवर्षिय क्रमागत आयोजनाको रु. ३५०००००/- आ.व. ०८०/८१ |

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत
२०८०/६/१९

(२) क्रमशः ३ पेजमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।


प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ६९८ १३।५



| | | | |
|---|---|---|---|
| | | | मा नै भुक्तानी दिनुपर्ने अनिवार्य दायित्व |
| ३ | कृषि एम्बुलेन्स खरिद | ९,००,०००/- | मिति २०८०/०७/२३ को न.पा. वोर्ड बैठकको निर्णयानुसार (निर्णय नं. १२.२) अनिवार्य भुक्तानी भइसकेको |
| ४ | टिमुरे बोराङखोला सडक निर्माण आयोजना वडा नं. ३, २ र १ (म्याचिङ फन्ड) | ८९,७६,२८९/९० | मिति २०८०/०७/२३ को ३८ औं वैठकबाट निर्णय भए अनुसार (निर्णय नं. १४) आ.व. २०८०/८१ मा अनिवार्य सम्पन्न गर्नुपर्ने सालवसाली आयोजनाको म्याचिङ फण्ड वापत अनिवार्य पालिकाले भुक्तानी गर्नुपर्ने, शिलवन्दी बोलपत्र आव्हान भइसकेको |
| ५ | बगरगाउँ उपल्लोफाँट टुँडाबगर ठुलो बगैंचा घर्ती गाउँ जुडिखेत पाँडेवेसी सडक स्तरोन्नती आयोजना रा.न.पा.७ (म्याचिङ फण्ड) | १,१९,८७,२५९/- | मिति २०८०/०७/२३ को ३८ औं वैठकबाट निर्णय भए अनुसार (निर्णय नं. २९.२) आ.व. २०८०/८१ मा अनिवार्य निर्माण कार्य सम्पन्न गर्ने गरी अनिवार्य दायित्वको लागत साझेदारी बापतको म्याचिङ फण्ड अनावार्य व्यहोर्नु पर्ने, शिलवन्दी बोलपत्र आव्हान भइसकेको |
| ६ | गत सालको आ.व. २०७९/८० बगरगाउँ उपल्लोफाँट टुँडाबगर ठुलो बगैंचा घर्ती गाउँ जुडिखेत पाँडेवेसी सडक स्तरोन्नती आयोजना (क्रमागत) रा.न.पा.७ | ६,६५,०००/- | गत आ.व. २०७९/८० मा सम्झौता भए बमोजिम यस आ.व. २०८०/८१ मा अनिवार्य भुक्तानी गर्नुपर्ने (अनिवार्य दायित्वको क्रमागत आयोजना आ.व. २०८०/८१ मा दायित्वको आ.व. २०८०/८१ मा भुक्तानी गर्नुपर्ने। आ.व. २०७९/८० मा नै सम्पन्न गर्नुपर्नेमा आ.व. २०८०/८१ मा सम्पन्न गर्ने गरी आएको अनिवार्य दायित्वको |
| ७ | बोराङखोला मसार भंगेरी काप्रेचौर कत्रेनीडाँडा | १,२४,००,०००/- | आ.व. २०७९/८० मा नै सम्झौता भएको आ.व. २०८०/८१ भित्रै |

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ८९८ १४।५

(४)

| | | | |
|---|---|---|---|
| | लामागाउँ प्यारजुङ भन्ज्याङ रीङरोड सडक निर्माण आयोजना रा.न.पा. १ र १० | | निर्माण सम्पन्न गर्नुपर्ने निर्माणाधिन आयोजनाको अनिवार्य दायित्वको आ.व. २०८०/८१ मा भुक्तानी गर्नुपर्ने/ आ.व. २०७९/८० मा नै सम्पन्न गर्नुपर्नेमा आ.व. २०८०/८१ मा सम्पन्न गर्ने गरी सरी आएको अनिवार्य दायित्वको |
| ८ | नयाँ प्रशासकीय भवनमा सोलार वत्ती जडान | १,८९,०००/- | आ.व. २०८०/८१ को साउन भाद्र महिना अगाडि नै आ.व. २०७९/८० को अन्त्यतिर नै जडान भएकोले यस आ.व. २०८०/८१ मा भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वको |
| ९. | रा.न.पा. वडा नं. १, ३ र ५ को वडास्तरीय गौरवको सडक स्तरोन्नती आयोजना (रु. १० लाखका दरले) | ३०,००,०००/- | आ.व. २०८०/८१ मा नेपाल जलवायु अनुकूलन कार्यक्रमको कार्यविधि विपरित सशर्त अनुदानलाई ब्रेक डाउन गरी राखिएको उक्त कार्यविधि नै स्वीकृत नभइ सडक निर्माणमा उक्त कार्यक्रमको बजेट राख्न नपाइने भएको हुँदा नगरपालिकालाई प्राप्त अन्य वित्तिय समानीकरण अनुदानबाट अनिवार्य विनियोजन गर्नुपर्ने |
| १० | रा.न.पा. वडा नं. ३ वडा कार्यालयको वडा कार्यालय भवन निर्माण कम्पाउण्ड वाल निर्माण आयोजनाको लागि (म्याचिङ फण्ड) | २२,४०,१८०/- | मिति २०८०/०७/२३ गतेको ३८ औं वैठकको निर्णय अनुसार (निर्णय नं. १५) यसै आ.व. २०८०/८१ मा नै लागत साझैदारीमा निर्णय गरी निर्माण कार्य आ.व. ०८०/८१ मा नै निर्माण सम्पन्न गर्नुपर्ने आयोजनाको अनिवार्य दायित्वको म्याचिङ फण्ड वापत अनिवार्य भुक्तानी गर्नुपर्ने भएकोले सोही अनुसार भुक्तानी गर्नुपर्ने |
| ११ | सडकबोर्ड नेपालबाट आ.व. २०८०/८१ मा | २४,८७,०००/- | आ.व. २०८०/८१ मा आयोजना छनौट गरी आ.व. २०८०/८१ मा |

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत
०८०/३/१ १४। रुजुश्री. ५ पेजमा

| | | | |
|---|---|---|---|
| | प्राप्त ५८ लाख बजेटबाट नगरापालिकाले म्याचिङ फण्ड वापत अनिवार्य आ.व. २०८०/८१ मा नै व्यहोर्नु पर्ने आयोजनाको म्याचिङ फण्डको लागि | | नै आयोजना स्वीकृत गरी आ.व. २०८०/८१ मा नै आयोजना सम्पन्न गरी आ.व. २०८०/८१ मा नै अनिवार्य भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वको भएकोले सोहि अनुसार Matching Fund अनिवार्य राख्नु पर्ने। |
| १२ | कृषि माटो परीक्षण सम्बन्धी मेशीनको भुक्तानी | २,२१,०००/- | आ.व. २०७८/७९ मा सम्झौता भई आ.व. २०८०/८१ मा मेशिन प्राप्त भएकोले आ.व. २०८०/८१ मा भुक्तानी दिनुपर्ने |
| १३ | आ.व. २०८०/८१ मा विभिन्न वडाको आन्तरिक सडक मर्मतका लागि ट्याक्टरमा ग्राभेल प्रयोग भएको ट्याक्टर ग्राभेल भुक्तानी | १,६९,५८८/- | आ.व. २०८०/८१ को अनिवार्य दायित्वको भुक्तानी दिनुपर्ने |
| १४ | आ.व. २०८०/८१ को स्वीकृत बजेट भन्दा बढी आ.व. २०८०/८१ मा भुक्तानी गर्नुपर्ने अनिवार्य थप जम्मा बजेट | ४,१०,३९,३१२/- | आ.व. २०८०/८१ को अनिवार्य दायित्वको नपुग रकम न.पा. बाट निर्णय गरी अनिवार्य व्यवस्थापन गर्नुपर्ने। |
| १५ | आ.व. २०८०/८१ को स्वीकृत जम्मा आय बजेट | ५७,८०,००,०००/- | आ.व. २०८०/८१ को स्वीकृत बजेटबाट नपुग बजेट मिलान गर्नुपर्ने |
| १६ | आ.व. २०८०/८१ मा स्वीकृत गर्नु पर्ने अनावार्य दायित्वको समेत हुन आउने कुल व्यय (खर्च) बजेट | ६१,९०,३९,३१२/२ | अब न.पा.बाट निर्णय गरी मिलान गर्नुपर्ने |

३. गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार तथा समन्वय शाखा) पोखरा नेपालबाट मिति २०८०/०८/२३ मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री

प्रकाश ... प्रमुख प्रशासकीय अधिकृत

नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत कार्यक्रम/आयोजनाको अवधारणा पत्र प्रस्ताव गरी मिति २०८०/०९/०८ गते भित्र मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यान्वयन कार्यविधि २०७९ बमोजिम लागत साझेदारीमा नगरपालिकाबाट ३०% व्यहोर्ने गरी कम्तिमा १ करोडको रु. ३० लाख पेश गर्ने? नगर्ने? सम्बन्धमा ।(बढीमा १ करोड ५० लाखसम्मको प्रस्ताव गर्न सकिने)

४. सडक बोर्ड नेपालको च. नं. ४६७, मिति २०८०/०८/०१ को प्रास पत्र बमोजिम सडक बोर्ड नेपाल र नगरपालिकाको लागत साझेदारीमा आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने गरी सडक मर्मत सम्भार सम्बन्धी आयोजना तथा कार्यक्रम छनोट गरी स्वीकृतिका लागि समयमै पठाउने सम्बन्धमा।

५. गृह मन्त्रालय (विपद अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा) को च.नं. ५१/८३, मिति २०८०/०८/११ को पत्रानुसार संलग्न ५ वटा महत्वपूर्ण निर्णय र भुकम्प प्रभावित घर परिवारलाई आवास निर्माण सम्बन्धी कार्यविधि २०८० बारे जानकारी र सो अनुसार भुकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण गर्ने सम्बन्धमा कार्यविधि अनुसारको रीत प्रक्रिया पुऱ्याई निवेदन पेश गर्न लगाउने सम्बन्धमा।

६. राइनास नगरपालिका वडा नं. १, ३ र ४ को वडास्तरीय निम्न गौरवका आयोजनाको लागि रु. १० (दश) लाखका दरले रु. ३००००००/- (रु. तीस लाख) बजेट व्यवस्थापन गर्ने सम्बन्धमा।

   ६.१. भंगेरी- दमा ढुङ्गा कृषि सडक स्तरोन्नती आयोजना रा.न.पा. वडा नं. १ रु. १०,००,०००/- (रु. दश लाख)

   ६.२. बुरबुरे लाम्पाटा ढाँडखर्क गैरी गाउँ हुँदै ज्यामिरे टिमुरे नौविसे कृषि सडक निर्माण आयोजना रा.न.पा. वडा नं. ३ रु. १०,००,०००/- (रु. दश लाख)

   ६.३. जलबिरे तीनपिप्ले हिमालयन बैंक चोक हुँदै बसन्तावती देउराली कृषि सडक आयोजना रा.न.पा. वडा नं. ५ रु. १०,००,०००/- (रु. दश लाख)

७. राइनास नगरपालिका, नगर कार्यपालिकाको यस अघिको विभिन्न मितिको वैठकको निर्णयानुसार यस अघि ३ पटकसम्म (मिति २०८०/०४/११, मिति २०८०/०४/२८ र मिति २०८०/०८/२७ मा) राइनास नगरपालिका क्षेत्रभित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा विक्री वितरण गर्ने गरी आन्तरिक श्रोत वृद्धिका लागि शिलवन्दी वोलपत्र माध्यमबाट ठेक्का निकाल्दा आन्तरिक श्रोत सङ्कलन र विक्री वितरणका लागि कुनै पनि ठेक्का नपरेकोले यस अघि नगरपालिकाबाट स्वीकृत I.E.E. प्रतिवेदन र प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तत् सम्बन्धी नियमावली, २०६४ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तत् सम्बन्धी नियमावली, २०७७ बमोजिमको रीत प्रक्रिया अनुसारको खरिद विधि छनोट गरी आन्तरिक श्रोत सङ्कलन गर्ने सम्बन्धमा। १६। क्रमशः ७ पेजमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

(८)

प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ९१८

८. राइनास नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखरावीच राइनास नगरपालिको ५ वर्षे (आ.व. ०८१/८२-०८५/८६) (Five year periodic plan) आवधिक योजना र ३ वर्षे आ.व. ०८१/८२-०८३/८४) आन्तरिक राजश्व सुधार योजना (IRIP) निर्माण गर्ने सम्बन्धमा मिति २०८०/०८/०८ मा भएको समझदारी पत्र (MOU) अनुसारको सम्झौता बमोजिम राइनास नगरपालिकाको ५ वर्षे आवधिक योजना र आन्तरिक राजश्व सुधार योजना निर्माण कार्य अगाडि बढाउने सम्बन्धमा र नगरपालिकाको तर्फबाट आवधिक योजनाको लागि थप बजेट विनियोजन गर्ने? नगर्ने? सम्बन्धमा।

९. राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र कन्चनजङ्घा निर्माण सेवा इलामवीच मिति २०७६/०७/०२ मा भएको सम्झौता र कार्यादेश बमोजिम र यस अघि नगरपालिकाको विभिन्न मितिको निर्णयानुसार म्याद थप समेत भई हाल निर्माणाधीन अवस्थामा रहेको निर्माणाधीन ठे.नं. ०५/०७५/०७६/W/NCB/BAN/LAMJUNG को राइनास नगरपालिका प्रशासकीय भवन निर्माण आयोजनाको म्याद थप गरी पाउँ भनी मिति २०८०/०७/१५ मा दिएको निवेदन बमोजिम म्याद थप गर्ने? नगर्ने? सम्बन्धमा।

१०. शक्ति सप्लायर्स एण्ड निर्माण सेवा प्रा.लि. राइनास-३, लमजुङको निवेदन बमोजिम 'घ' वर्गको निर्माण इजाजत पत्र दिने सम्बन्धमा।

११. राइनास नगरपालिका वडा नं. १ र ६ को वडा कार्यालयको भवन निर्माण कार्य आयोजनाको सम्झौता गर्ने सम्बन्धमा।

१२. सङ्घीय सरकार समपुरक अनुदान कार्यक्रम तर्फको सङ्घीय सरकार र राइनास नगरपालिकाको लागत साझेदारीमा आ.व. ०८०/८१ मा निर्माण कार्य सम्पन्न गर्ने गरी राइनास नगरपालिका वडा नं. ३ वडा कार्यालय भवन निर्माण र कम्पाउण्ड वाल निर्माण आयोजनाको निर्माण आयोजनाको निर्माण कार्यका लागि शिलवन्दी वोलपत्र आव्हान गर्न नगरपालिकाबाट व्यहोर्नुपर्ने समपुरक कोष (Matching Fund) वापतको श्रोत सुनिश्चितता सहितको रकम व्यवस्थापन गरी नगरपलिकाबाट व्यहोर्ने बजेट रु. २२,४०,१८०/- (स्वीकृत लागत अनुमान बमोजिमको) विनियोजन गर्ने सम्बन्धमा।

१३. राइनास नगरपालिका वडा नं. ७ को वडा कार्यालय भवनको जग्गामा रहेको जिर्ण स्वास्थ्य चौकी भवन निर्माण र अन्य पूर्वाधार निर्माणको लागि सङ्घीय सरकार विशेष अनुदान कार्यक्रमतर्फ आयोजना प्रस्ताव गरी २०८०/०९/२९ गतेभित्र पठाउने सम्बन्धमा।

१४. राइनास नगरपालिकाको कार्यालयबाट आ. व. ०७९/८० मा भएका अति महत्वपूर्ण स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) र स्थानीय तहको वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुले संयुक्त रुपमा समयमै तयार गरी जि.स.स.मा पठाउने। यसको सम्बन्धमा नगरपालिकाका कर्मचारीहरु र नगरपालिकाका जनप्रतिनिधिहरुलाई

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

हालसम्म LISA र FRA सम्बन्धमा तालिम तथा अभिमुखीकरण नगरिएकोले अति आवश्यक LISA र FRA को लागि अनिवार्य अभिमुखीकरण तालिम (Orientation/Training) दिनुपर्ने भएकोले सोही अनुसार सो को मिति तय गर्ने सम्बन्धमा।

१५. राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालयको ७९ बुँदाको आ.व. ०७८/७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदन र सो को अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट औंल्याइएका असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने, कागज प्रमाण पुऱ्याई नियमित गर्नुपर्ने, पेश्की वेरुजुहरुको सम्बन्धमा जानकारी र सो बारेमा छलफल गरी आवश्यक निर्णय गर्ने सम्बन्धमा।

१६. राइनास नगरपालिका नगर प्रमुखज्यूबाटै नगरपालिकाको विभिन्न कामको सिलसिलामा नगर प्रमुखज्यूको गाडि ग.१.झ. ४२३ मा मिति २०८०/०६/२५ देखि मिति २०८०/०८/०५ सम्ममा जारी भएका इन्धन अर्डर स्लिप कुपन (१२ वटा) अनुसार ३४९.४७ लिटर मिति २०८०/०५/२५ देखि मिति २०८०/०६/२१ सम्ममा, इन्धन अर्डर स्लिप कुपन (९ वटा) अनुसार डिजेल इन्धन ४५३ लिटरको र मिति २०८०/०३/२२ देखि २०८०/०५/२२ सम्म २१ वटा अर्डर स्लिप (कुपन) बाट ७३६ लिटर डिजेल इन्धनको मापदण्ड भन्दा बढी जारी भएको त्यसै गरी त्यसै गरी नगर उप प्रमुखज्यूको ग.१ झ. २८४ नं.को गाडीमा मिति २०८०/०३/२२ देखि मिति २०८०/०५/२२ सम्म (१३ वटा कुपनबाट) ४८७ लिटर डिजेल र १५५ लि. (मिति २०८०/०६/२५ देखि २०८०/०८/०५ सम्म) मापदण्ड भन्दा वढि भएको जनप्रतिनिधिहरुको सेवा सुविधा इन्धन मापदण्ड भन्दा वढी र मिति २०८०/०६/१८ मा नगरपालिका वोर्ड वैठकबाट (३६ औं वैठकबाट) स्वीकृत मापदण्ड भन्दा बढी भएकोले सो को जानकारी र सो मापदण्ड भन्दा बढी खर्च भएको इन्धन अनुमोदन गर्ने? नगर्ने? सम्बन्धमा।

१७. स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८३(८) विपरित र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट र प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गण्डकी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट स्वीकृत भएको स्थानीय सेवाको गठन, सन्चालन र सेवाको शर्त सम्बन्धमा भएको व्यवस्थापन गर्न बनेको ऐन, २०७९ दफा १५ विपरित र महालेखा परीक्षकको र्यालयबाट भएको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन विपरित (नियम संगत नभएको भनी वेरुजु आएको/ वेरुजु बाहिर नै तानिएको) विगत आ.व. हरुदेखि यस आ.व. ०८०/८१ मा समेत स्वीकृत दरवन्दी बाहेकका पदमा निम्न संख्याका निम्न पदका कर्मचारीहरु करार सेवामा रहेकोले वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता पारिश्रमिक उपलब्ध गराउने गरी निम्न (पदका स्वीकृत दरवन्दी भित्र नभएका) निम्न संख्या र पदमा कर्मचारीहरुलाई निरन्तरता दिइ करार सेवामा पुनः करार सम्झौता गरी कामकाजमा लगाउन नमिल्ने र तलब भत्ता पारिश्रमिक भुक्तानी गर्न नमिल्ने सम्बन्धमा गहन छलफल गरी निर्णय गर्ने सम्बन्धमा।

क्रमशः ९ पेजमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१९ ५

| क्र.सं. | स्वीकृत दरवन्दी विना नै करार सेवामा नियुक्त कर्मचारीहरुको पद | संख्या | सम्झौता अनुसारको तलब भत्ता पारिश्रमिकको व्यहोरिने बजेट कार्यक्रम | हाल कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | ल्याव असिस्टेन्ट | २ | वित्तीय समानीकरण अनुदान | धिमिलिकुवा स्वा.चौ. |
| २ | अ.न.मि./अ.हे.व. | १० | वित्तीय समानीकरण अनुदान | वडा नं. १, २, ५ र ७ को आधारभुत स्वास्थ्य केन्द्र र वर्थिङ सेन्टर |
| ३ | सामाजिक परिचालिका | २ | वित्तीय समानीकरण अनुदान | वडा नं. ६ वडा कार्यालय र वडा नं. ९ वडा कार्यालय |
| ४ | जम्मा | १४ | | |

१८. राइनास नगरपालिका वडा नं. ३ को वडा कार्यालयको च.नं. २९० मिति २०८०/........ को पत्रानुसार निम्न कार्यक्रमको रकम भुक्तानी गर्ने सम्बन्धमा।

१८.१ वडा कार्यालयको नव निर्मित भवनको फर्निचर फिक्चर्स रु. २०८३४३/७५

१८.२ वडा कार्यालयको डिजिटल साइनबोर्ड रु. ४२००२/-

१८.३ वडा नं. ३ को आमा समूहलाई फर्निचर १५६३५/-

१८.४ वडा कार्यालयको गेष्ट रुम र पाले घरको लागि ओढ्ने ओछ्याउने कपडा रु. ८११०/-

१९. पर्यटन तथा उद्योग कार्यालय लमजुङको च.नं. ६०२, मिति २०८०/०८/१० को पत्रानुसार होमस्टे सम्बन्धी सबै सक्कल फाइल पठाउने सम्बन्धमा।

२०. रा.न.पा. वडा नं. १० को च.नं. २८३ मिति २०८०/०८/१५ को पत्रानुसार वडा कार्यालयसम्म एम्बुलेन्स जाने बाटो मर्मतको लागि बजेट माग सम्बन्धमा।

२१. सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंको च.नं. २२३३१, मिति २०८०/०७/१५ को २२ बुँदे र सोही सम्मानित आयोगको च.नं.२९४६४...... मिति २०८०/०८/.२४ को पेज २ को परिपत्र निर्देशन सम्बन्धमा जानकारी।

२२. कामाख्या प्रतिष्ठान नेपाल केन्द्रिय कार्यालय काठमाडौंको पत्र बमोजिम हाम्रो स्थानीय तह २०७४ सम्बन्धी २ वटा पुस्तक र हाम्रा जनप्रतिनिधि २०७४ विषयक १ वटा पुस्तकको रु. १९५००/- रकम भुक्तानी गर्ने? नगर्ने? सम्बन्धमा।

२३. गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको गण्डकी प्रदेश पोखरा नेपालको च.नं. ४८३ मिति २०८०/०८/२७ को पत्रानुसार युवा मैत्री स्थानीय तह (रा.न.पा.) विकास तथा प्रोत्साहन कार्यक्रममा सहभागी हुन इच्छाउने? नइच्छाउने सम्बन्धमा।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत
(५) क्रमशः १० पेजमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२४. भगवती निर्माण सेवा प्रा.लि. पाँचखाल-११ को मिति २०८०/०८/०१ को पत्रानुसार RAINAS/NCB/W/01/079/080 धमिलिकुवा हेल्थपोष्ट स्तरोन्नती १५ शैया अस्पताल निर्माण आयोजनाको सार्वजनिक खरिद ऐन, २०६३ तत् सम्बन्धी नियमावली २०६४ र स्वीकृत Bid Documents र सम्झौता बमोजिम मूल्य अभिवृद्धि समायोजन रकम रु. ४,२१,९०७/८६ पैसा उपलब्ध गराउने सम्बन्धमा।

राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तरगत स्वास्थ्यतर्फको सशर्त अनुदान कार्यक्रमतर्फको औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी बजेट शीर्षकबाट राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय खरिद इकाइबाट निर्णय गरी ९८ प्रकारका अत्यावश्यक औषधी र स्वास्थ्य सामग्री E- Bidding शिलवन्दी दरभाउ पत्र विधिबाट हाल तत्कालमा निम्नानुसार स्वास्थ्य उपकरण चलाउने इन्भर्टर दरभाउ पत्र विधिबाट र अन्य निम्नानुसारका सामग्रीहरु सोझै वार्ताबाट नियमानुसार स्वीकृत दररेटमा खरिद गर्ने सम्बन्धमा।

<u>निम्नः</u>

| क्र.सं. | खरिद गर्नुपर्ने औषधी उपकरण र सामग्री | खरिद विधि | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ९८ प्रकारका अत्यावश्यक औषधी र स्वास्थ्य सामग्री | E- Bidding शिलवन्दी दरभाउ पत्र | २००००००/- | समानिकरण अनुदान |
| २ | बर्थिङ सेन्टर (धिमिलिकुवा, चक्रतिर्थ र तार्कुघाठ स्वास्थ्य चौकी) को लागि इन्भर्टर खरिद | दर भाउ पत्र | ३०००००/- | समानिकरण अनुदान |
| ३ | Via Camp को लागि सामग्रीहरु खरिद | सोझै | ७००००/- | सशर्त अनुदान |
| ४ | बर्थिङ सेन्टरको लागि न्यानो झोला खरिद | सोझै | ९००००/- | सशर्त अनुदान |
| ५ | OTC सेन्टरको लागि टिनको बाकस खरिद | सोझै | ५००००/- | सशर्त अनुदान |

२५. आ. व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने भौतिक पूर्वाधारतर्फका आयोजनाहरु सन्चालन गर्ने उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई र वडाका जनप्रतिनिधिहरुलाई ३ दिने उपभोक्ता समिति र आयोजना अनुगमन तालिम दिन अति आवश्यक भएको (योजना सम्झौता गर्दा, आयोजनाहरुको अनुगमन गर्दा र आयोजनाको भुक्तानीमा सरलीकृत र सहजकता ल्याउने र विना झन्झट पटक पटक कार्यालयमा धाइरहनुपर्ने अवस्थाको अन्त्य गर्ने अभिप्रायले) आ. व. ०८०/८१ को स्वीकृत बजेट र विविध कार्यक्रम बजेट शीर्षकबाट उक्त तालिम ३ ठाउँमा (सबैलाई समेट्ने गरी) सन्चालन गर्ने सम्बन्धमा।

१९०। क्रमशः ११ पेज।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

९१

प.स. : ०८०/८१/ बैठक व्यवस्थापन
चलानी.न : ९१६

१९१

२६. राइनास नगरपालिको आ. व. ०८०/८१ को नगरसभाको १२ औं अधिवेशन बैठकबाट स्वीकृत आ. व. ०८०/८१ को वार्षिक कार्यक्रम अनुसार आ. व. ०८०/८१ को स्वीकृत वडा स्तरीय आयोजना तथा कार्यक्रमहरुको आयोजना तथा कार्यक्रम ब्रेक डाउन गरी वडाको निर्णय सहित समयमै नगर कार्यपालिकाको कार्यालयमा पठाउने सम्बन्धमा। (वडा नं. ४, ६, ७ र ८)

२७. स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिम राइनास नगरपालिकाको नगरसभाको १३ औं हिउँदे अधिवेशन वैठकको मिति तय गर्ने सम्बन्धमा।

२८. नगर कार्यपालिकाको ४० औं वैठक बसिरहेका बखत वैठकमा नै तत्काल उठेको अति जरुरी सार्वजनिक महत्वको विषयको १ वटा मात्र प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने सम्बन्धमा।

२०८०/९/१

(प्रकाशराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

<u>नोटः</u> माथि उल्लिखित छलफलका प्रस्तावित विषयहरु (Agenda) अति महत्वका र नगरपालिकाको दीर्घकालिन आर्थिक दायित्वका विषयहरु भएकोले र विस्तृत र गहन छलफल गरी ठोस निर्णयमा पुगनु पर्ने भएकोले समय अभाव हुने अवस्था भएमा मिति २०८०/०९/०५ गते पनि वैठक बस्न सक्ने व्यहोरा समेत अनुरोध गर्दै अन्य बाँकी महत्वपूर्ण छलफलका प्रस्तावित विषयसूचीहरु छुट भएमा नगरपालिकाको मिति २०८०/०९/१० गते हुने नियमित वैठकमा प्रस्तुत गरिनेछ।

धन्यवाद।

आज मिति २०८०/९/१ गते दिउँसो ठीक १२.०५ बजे श्रीमान नगर प्रमुखज्यूलाई टेलिफोन गरी सोधनी गरी वहाँको निर्देशन बमोजिम नै पठाइएको।

२०८०/९/१ १२.०५ बजे

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत